# के.आई.सिंह गाउँपालिका

**K.I. Singh Rural Municipality**

**गाउँ कार्यपालिकाको कार्यालय**

**Office of the Rural Municipal Executive**

वायल, डोटी
Wayal, Doti
सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpachim Province, Nepal
Email : kisingh.rm@gmail.com


प.सं: २०८३/०८४
चलानी नं:

मिति: २०८३/०५/१५
ने.सं. ११४६, गुँलागा, सोमबार

## प्रेस विज्ञप्ति

मिति २०८३/०५/१० गते भोटेकोशी नदीमा अकस्मात आएको विनाशकारी बाढीका कारण भएको जनधनको क्षतिप्रति के.आई.सिंह गाउँपालिका गहिरो दुःख व्यक्त गर्दछ । यस दुःखद् प्राकृतिक विपद्का कारण ज्यान गुमाउनुहुने सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ । साथै, बाढीबाट प्रभावित तथा विस्थापित नागरिकहरूको शीघ्र उद्धार, राहत, पुनःस्थापना तथा पुनर्निर्माणका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय, सम्बन्धित निकाय तथा विभिन्न संघसंस्थाहरूबाट भइरहेको उद्धार तथा राहतका प्रयासहरूप्रति के.आई.सिंह गाउँपालिका पूर्ण ऐक्यवद्धता जनाउँदै आवश्यक सहयोग र सहकार्यका लागि प्रतिबद्ध रहेको व्यहोरा अनुरोध गर्दछौं ।

यसै सन्दर्भमा, मिति २०८३/०५/१० गते बसेको के.आई.सिंह गाउँपालिकाको कार्यपालिकाको निर्णयानुसार विपद् बाट प्रभावित नागरिकहरूको राहत तथा उद्धार कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले के.आई.सिंह गाउँपालिकाको तर्फबाट रु. १,५१,०००।– (अक्षरेपी एक लाख एकाउन्न हजार रुपैयाँ मात्र) प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग रकम जम्मा गर्ने निर्णय गरिएको छ । साथै, विपद्को यस विषम परिस्थितिमा स्थानीय सरकारप्रति जनउत्तरदायित्व अभिवृद्धि गर्दै गाउँपालिकाका जनप्रतिनिधिहरूले प्राप्त गर्ने सुविधामध्ये एक महिनाको सुविधाको १५ प्रतिशत रकम तथा के.आई.सिंह गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारी तथा शिक्षकहरूको तलब स्केलको १५ प्रतिशत रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरिएको व्यहोरा समेत जानकारी गराइन्छ ।

विपद्को यस कठिन घडीमा सम्पूर्ण नागरिकहरूलाई धैर्य, संयम र एकताका साथ विपद् प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउन हार्दिक अपिल गर्दछौँ । विपद् व्यवस्थापन, राहत तथा पुनःस्थापनाका लागि नेपाल सरकार तथा सम्बन्धित निकायहरूबाट भइरहेका सम्पूर्ण प्रयासमा के.आई.सिंह गाउँपालिका आवश्यक समन्वय, सहकार्य र सहयोगसहित दृढतापूर्वक साथमा रहने प्रतिबद्धता व्यक्त गर्दछ । साथै, विपद् प्रभावित नागरिकहरूको जीवनरक्षा तथा राहतका लागि सहयोग गर्नुहुने सम्पूर्ण सरकारी तथा गैरसरकारी निकाय, संघसंस्था, निजी क्षेत्र, सामाजिक अभियन्ता तथा सहयोगी मनहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौँ ।

..............................
लोकेन्द्र बहादुर शाही
अध्यक्ष



लोकेन्द्र बहादुर शाही
अध्यक्ष